नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्याः २०७६।७७

चलानी नं. ९६

मितिः २०७६।०४।१२

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

श्री स्थानीय तहहरु (७५३ वटै)

**विषयः निर्णय पठाइएको सम्बन्धमा ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्र संख्या २०७५।०७६ च.नं.२७ मिति २०७६।०३।२९ को स्वास्थ्य संस्था र त्यहाँ कार्यरत स्वास्थ्यकर्मीहरुको सुरक्षा व्यवस्थालाई व्यवस्थित गर्ने सम्बनधमा मा. उप प्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको अध्यक्षतामा बसेको वैठकबाट भएको निर्णय आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः यस पत्रलाई मन्त्रालयको web site मा upload गरिदिनुहुन अनुरोध छ ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।

४/१२

.................

केशवराज पार्धे

शाखा अधिकृत

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(..........................................................................शाखा)

फोन नं. ४२६२५९८
४२६२८०२
४२६२७०६
४२६२१३२
४२६२८६२
४२२३५८०

प्राप्त पत्र संख्या :-

पत्र संख्या ०७५/७६

चलानी नं. :- 26

रामशाहपथ,
काठमाडौं, नेपाल ।

मिति :- २०७६/०३/२९

विषय :- **निर्णयको छाँयाप्रति पठाईएको ।**

प्रीय सहकारीज्यू

स्वास्थ्य संस्था र तहाँ कार्यरत अवस्थामा रहेका स्वास्थ्यकर्मीहरुको सुरक्षा व्यवस्थालाई व्यवस्थित गर्ने सम्बन्धमा मा. उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्रीज्यूको अध्यक्षतामा मा. गृह मन्त्रीज्यू, लगायत अन्य सरोकारवालाहरु समेतको समुपस्थितिमा मिति २०७६/०३/२३ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सम्पन्न बैठकका निर्णयहरु जानकारी एवं कार्यान्वयनका लागि यसै साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध गर्दछु ।

रामप्रसाद थपलिया
सचिव

श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

स्वास्थ्य संस्था र तहाँ कार्यरत अवस्थामा रहेका स्वास्थ्यकर्मीहरुको सुरक्षा व्यवस्थालाई व्यवस्थित गर्ने सम्बन्धमा मिति २०७६/०३/२३ गते मा. उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्रीज्यूको अध्यक्षतामा मा. गृह मन्त्रीज्यू, मा. स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीज्यू, गृह सचिवज्यू, स्वास्थ्य सचिवज्यू, गृह मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अन्तरगतका पदाधिकारी, सुरक्षा निकायका प्रमुखज्यूहरु लगायत अन्य सरोकारवालाहरु समेतको समुपस्थितिमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सम्पन्न भएको बैठकका निर्णयहरु :

१. स्वास्थ्य संस्था र तहाँ कार्यरत अवस्थामा रहेका स्वास्थ्यकर्मी लगायतका कर्मचारीहरुको विद्यमान सुरक्षा प्रवन्धलाई थप प्रभावकारी एवं व्यबस्थित बनाउन देहाय अनुसार गर्ने, गराउने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सहजीकरण गर्ने ।

क. प्रत्येक स्वास्थ्य सेवा प्रदायक संस्थाको प्रमुखले आफ्नो स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको नाम, थर, पद, सम्पर्क नम्वर, ईमेल ठेगाना र हाल बसोवास गरी रहेको ठेगाना जस्ता न्यूनतम सुचनाहरु अध्यावधिक गरी स्वास्थ्य संस्थामा राख्ने व्यबस्थालाई अनिवार्य गरी थप प्रभावकारी बनाउने अनिवार्य ब्यवस्था मिलाउने ।

ख. स्वास्थ्य संस्थासंग सम्पर्क र समन्वय गर्नका लागि त्यस संग सम्वन्धित जिम्मेवार पदाधिकारी र निज संग सम्पर्क स्थापित हुन नसकेको अबस्थामा अर्को बैकल्पिक पदाधिकारी समेत दुई जनाको नाम, थर, पद, सम्पर्क नम्वर, ईमेल ठेगाना समेत स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी लगायतको सुरक्षाको लागि खटिएको वा खटिने सुरक्षाकर्मीलाई उपलब्ध गराउने र यस्तो अद्यावधिक बिवरण नजिकको सुरक्षा निकायलाई उपलब्ध गराउने र परिवर्तन भएमा तत्काल अद्यावधिक गरी समयमै सुरक्षा निकायलाई जानकारी गराउने ब्यबस्था मिलाउने ।

ग. प्रत्येक स्वास्थ्य सेवा प्रदायक संस्थाले आफ्नो स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी लगायतका अन्य कर्मचारीहरुको सुरक्षाको विषय तथा समसामयिक विषयमा महिनाको एक पटक नजिकको सुरक्षा निकाय र स्थानीय तहका पदाधिकारी/प्रतिनिधीहरु समेत सहभागी हुने गरी नियमित बैठक बस्ने/बसाउने व्यबस्था मिलाउन आवश्यक पर्ने कार्य वातावरण निर्माण गर्न आवश्यक समन्वय गर्ने ।

२. सुरक्षा निकायको आ-आफ्नो कार्यक्षेत्र भित्र पर्ने स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सुची तयार गरी सोका व्यबस्थापक, सञ्चालक र जिम्मेवार पदाधिकारीहरुसंग नियमित सम्पर्क र समन्वय गर्ने व्यबस्था मिलाउन गृह मन्त्रालय मार्फत सम्वन्धित सवै स्थानीय प्रशासनलाई निर्देशन दिन अनुरोध गर्ने ।

३. सुरक्षा निकायको आ-आफ्नो कार्यक्षेत्र भित्र पर्ने स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको नियमित सुरक्षा निगरानी गर्न गृह मन्त्रालय मार्फत सम्वन्धित सुरक्षा निकायहरुलाई निर्देशन दिन अनुरोध गर्ने ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

उपेन्द्र यादव
उपप्रधानमन्त्री,
स्वास्थ्य तथा जनसंख्या मन्त्री

४. स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुले आफ्नो कर्तव्य पालनाको सिलसिलामा अप्रत्याशित रुपमा घट्न सक्ने परिस्थितिजन्य घटनाहरुलाई अतिरञ्जित गरी सामुहिक वा व्यक्तिगत स्वार्थको लागि घटनालाई तोडमोड गरी अनर्गल प्रचार र कावु बाहिरको परिस्थिति निर्माण गरी अस्पताल प्रशासन, स्वास्थ्यकर्मी लगायतका अन्य कर्मचारीको जनधनमा क्षति पुऱ्याउने, अस्पतालको भौतिक संरचनामा क्षति गर्ने लगायतका गैह्रकानूनी र अशोभनीय कार्य गरी कानून समेत हातमा लिने र सोही घटनालाई लिएर त्यसको प्रत्यक्ष अप्रत्यक्ष फाईदा लिन केही उदण्ड समुह सक्रिय भएको आशंका भएमा सोको निगरानी र आवश्यक कारवाहीका लागि नजिकको सुरक्षा निकायलाई सुचना उपलब्ध गराउने र यस्तो अवस्थामा तत्काल सुरक्षा ब्यवस्थाका लागि नजिकको सुरक्षा ईकाई परिचालित हुने ब्यवस्था गर्न गृह मन्त्रालय मार्फत सबै स्थानीय प्रशासनलाई निर्देशन दिन अनुरोध गर्ने ।

५. स्वास्थ्य संस्था/स्वास्थ्य सेवा प्रदायक निकायमा कुनै घटना घटेमा वा घट्ने आशंका भएमा सम्पर्क व्यक्ति मार्फत तत्काल सुरक्षा निकायलाई जानकारी दिने ।

६. स्वास्थ्य प्रदायक संस्थाहरुको सेवा प्रवाह सम्वन्धमा मन्त्रालय तथा मातहतका निकायहरुवाट अनुगमन गर्ने गराउने ब्यवस्थालाई थप प्रभावकारी बनाई संस्थाहरुलाई सेवाग्राही प्रति जिम्मेवार र सेवामुखी रहन निर्देशित गर्ने ।

७. स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, लगायतका स्वास्थ्य प्रदायक संस्थाहरुलाई सहज कार्य वातावरण सृजना गर्न पालिकाहरुको सहयोग र समन्वयको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सवै पालिकाहरुलाई लेखी पठाउन अनुरोध गर्ने ।

८. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले विरामीलाई गर्ने ब्यवहार सम्वन्धी आचार संहीता परिपालना गर्न गराउन सम्वन्धित सवै परिषदहरुलाई लेखी पठाउने । सेवा प्रदायक संस्थाका प्रमुखले नेतृत्व र समन्वय गरी सम्वन्धित सरोकारवालाहरु संग सञ्चार, समन्वय र सहकार्य गरी कार्यान्वयनमा ल्याउने ।

९. आफ्नो स्वास्थ्य संस्थाबाट उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा दिने जिम्मेवारी संस्था प्रमुख र खटिएका स्वास्थ्यकर्मीहरुको सामुहिक प्रयासवाट हुने हुँदा कार्य सम्पादन मूल्याङ्कन गर्दा यस पक्षलाई दृष्टिगत गरी मूल्याङ्कन गर्ने प्रणालीको बिकास गर्ने ।

१०. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षाका सम्बन्धमा हाल कार्यान्वयनमा रहेको ऐन नियमावलीलाई स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था र सेवाग्राहीको हितमा हुनेगरी समयानुकुल परिमार्जन गर्न पहल गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

उपेन्द्र यादव
उपप्रधानमन्त्री,
स्वास्थ्य तथा जनसंख्या मन्त्री